# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७८/०१/०६

### सातौं अधिवेशन

### (बिसौं वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको बिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय हर्क बहादुर कुँवरलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि समितिमा दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू, मिति २०७८।०१।०५

प्रदेश सभा, सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली, नेपाल ।

विषय :- **सुदूरपश्चिम प्रदेशको राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक** सम्बन्धी प्रतिबेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।१२।२५ गते बसेको सातौं अधिवेशनको १५औं बैठकको निर्णय अनुसार "सुदूरपश्चिम प्रदेशको राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" लाई यस अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईएकोमा समितिको को २३औं बैठक बसि विस्तृतरुपमा दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गरिएको छ ।

दफावार छलफलका बैठकमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१ माननीय दीर्घ बहादुर सोडारी .-सदस्य

२  माननीय देवराज पाठक .-सदस्य

३ माननीय अक्कल बहादुर रावल .-सदस्य

४ माननीय .भरत बहादुर खड्का -सदस्य

५ माननीय कृष्ण बहादुर चौधरी .-सदस्य

६ माननीय प्रेम प्रकाश भट्ट .-सदस्य

७ माननीय अम्बी कुमारी थापा .-सदस्य

८ माननीय पूर्णा जोशी .-सदस्य

९ माननीय महेशदत्त जोशी .-सदस्य

१० माननीय रतन बहादुर थापा .-सदस्य

**आमन्त्रित**

१उद्योग ., पर्यटन बन तथा बातावरण मन्त्री माननीय माया भट्ट

२उद्योग ., पर्यटन बन तथा बातावरण मन्त्रालयका सचिव श्री यज्ञनाथ दाहाल

३बन निर्देशक श्री हेमराज विष्ट .

दफावार छलफल समाप्त भए पश्चात प्रस्तुत विधेयकमा देहाय बमोजिम संशोधन हुनको लागि निर्णयार्थ सभामा प्रस्तुत हुनुपर्ने यस समितिको सर्वसम्मत निष्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु ।

**संशोधन तथा थप हुनुपर्ने विषयहरु**

| **क्र.स.** | **दफा** | **विधेयकमा रहेको साविक व्यवस्था** | **संशोधन वा थप हुनुपर्ने व्यवस्था** | **कारण** |
|---|---|---|---|---|
| १ | ४ | **राष्ट्रिय वनको सिमाना लगाउन सकिने** : नेपाल सरकारको निर्णय बमोजिम डिभिजनल वन अधिकृतले यस परिच्छेदको अधिनमा रही प्रदेश भित्रको आफ्नो क्षेत्राधिकारमा पर्ने राष्ट्रिय वनको सिमा निर्धारण गर्न सक्नेछ। | **राष्ट्रिय वनको सिमाना लगाउन सकिने** : प्रदेश सरकारको सहमतीमा डिभिजनल वन अधिकृतले यस परिच्छेदको अधिनमा रही प्रदेश भित्रको आफ्नो क्षेत्राधिकारमा पर्ने राष्ट्रिय वनको सिमा निर्धारण गर्न सक्नेछ। | राष्ट्रिय बन प्रदेश सरकारको मातहत भएकोले |
| २ | २(ध) | **"परम्परागत उपभोक्ताहरु"** भन्नाले कुनै वनबाट प्राप्तहुने वन पैदावारहरु जस्तै काठ, दाउरा, डालेघँस, स्याउला, सोत्तर, पत्कर, जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरु परापूर्व कालबाट उपयोग गरी आएका वा हाल आएर वनको संकुचन भइ वन क्षेत्रबाट टाढा पर्न गएका वन क्षेत्र रहेको गाउँपालिका वा नगरपालिकामा वसोबास गरी आएका वा फरक पालिकामा वसोबास गरेता पनि भौगोलिक सामिप्यताको कारणले उक्त वनमा वाउबाजेकै पालाबाट वन | **"परम्परागत उपभोक्ताहरु"** भन्नाले कुनै वनबाट प्राप्तहुने वन पैदावारहरु जस्तै काठ, दाउरा, डालेघँस, स्याउला, सोत्तर, पत्कर, जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरु परापूर्व कालबाट उपयोग गरी आएका वा हाल आएर वनको संकुचन भइ वन क्षेत्रबाट टाढा पर्न गएका वन क्षेत्र रहेको गाउँपालिका वा नगरपालिकामा वसोबास गरी आएका वा फरक | लैंगिक समानता नभएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | पैदावारको लागि निर्भर रहेका वा हाल वसाँइसराई गरी सोही वनको पैदावार उपयोग गर्नु पर्ने अवस्थामा रहेका घरधुरीहरु सम्झनु पर्दछ । | पालिकामा वसोबास गरेता पनि भौगोलिक सामिप्यताको कारणले उक्त वनमा पूर्खाबाट वन पैदावारको लागि निर्भर रहेका वा हाल वसाँइसराई गरी सोही वनको पैदावार उपयोग गर्नु पर्ने अवस्थामा रहेका घरधुरीहरु सम्झनु पर्दछ । | |
| ३ | ९(ख) | खण्ड (क) बमोजिम जग्गा प्राप्त गर्दा कुनै एकै व्यक्तिको जग्गा मध्ये तराई वा भित्री मधेश भए दुई बिगाहा र उपत्यका र पहाडमा भए चार रोपनीसम्म जग्गा प्रदेश सरकारको पूर्व स्वीकृति बेगर प्राप्त गरिने छैन र तराई वा भित्री मधेशमा दुई बिगाहा र उपत्यका र पहाडमा चार रोपनी भन्दा बढी त्यस्तो जग्गा सो जग्गाधनीको मञ्जुरीले बाहेक कुनै अवस्थामा प्राप्त गर्न सकिने छैन, | हटाईएको | बढी भएको जग्गा नहटाउनु पर्ने कारण उपयुक्त नदेखिएकाले |
| ४ | ९(ग) | चारैतिर राष्ट्रिय वनले घेरिएको वा राष्ट्रिय वनभित्र कुनै व्यक्तिको नाममा दर्ता भईराखेको घर जग्गा प्राप्त गरी राष्ट्रिय वनको सिमाना भित्र पारी छुट्याउन सकिनेछ | राष्ट्रिय वनको सिमा निर्धारण गर्दा प्रदेश सरकारको सिफारिशमा निर्धारण गरिनेछ। | राष्ट्रिय बन प्रदेश सरकारको मातहत भएकोले |
| ५ | १० | **पूरै जग्गा प्राप्त गर्ने:** यस परिच्छेद बमोजिम जग्गाको केही भाग लिने कारबाही गर्दा सो जग्गाको धनीले पूरै जग्गा वा घर, छाप्रो सरकारबाट लिइयोस् भनी निवेदन गरेमा र उक्त स्थानमा निवेदकको तराई वा भित्री मधेशमा केवल दुई विगाहा वा सो भन्दा कम र उपत्यका र पहाडमा केवल चार रोपनी जग्गा रहेछ भने सो जग्गाको केही भाग मात्र लिने गर्नु हुँदैन । पूरै जग्गा वा घर, छाप्रो यस परिच्छेद बमोजिम गरी लिनु पर्नेछ । | हटाईएको | बढी भएको जग्गा नहटाउनु पर्ने कारण उपयुक्त नदेखिएकाले |
| ६ | १३ | **बल प्रयोग गर्न सक्ने:** डिभिजनल वन अधिकृतले यस ऐन बमोजिम वनको सिमा निर्धारण गर्दा कसैले बाधा अवरोध गरेमा | **बल प्रयोग गर्न सक्ने:** डिभिजनल वन अधिकृतले यस ऐन बमोजिम वनको सिमा निर्धारण गर्दा कसैले | बल प्रयोग गर्नुपर्ने अवस्थाको |

| | | | | |
|---|---|---|---|---|
| | | बल प्रयोग गर्न सक्नेछ। | बाधा अवरोध गरेमा आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ। | कारणले |
| ७ | १९(१) | नेपाल सरकारले स्वीकृत गरेको रणनीतिक योजनाको अधिनमा रही प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापन यस ऐन बमोजिम हुनेछ। | प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापन यस ऐन बमोजिम हुनेछ। | राष्ट्रिय बन प्रदेश सरकारको मातहत भएकोले |
| ८ | २४(१) | नेपाल सरकारद्धारा स्वीकृत रणनीतिक योजनाको अधिनमा रही राष्ट्रिय वनको कुनै भागलाई देहायका उद्देश्यहरु प्राप्तिका लागि डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा तोकिए बमोजिम साझेदारी वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ। | प्रदेश भित्रको राष्ट्रिय वनको कुनै भागलाई देहायका उद्देश्यहरु प्राप्तिका लागि डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा तोकिए बमोजिम साझेदारी वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ। | राष्ट्रिय बन प्रदेश सरकारको मातहत भएकोले |
| ९ | २६(३) | साझेदारी वनबाट साझेदारी वन उपभोक्ता समूहलाई प्राप्त हुने वनपैदावार बिक्रीवितरणबाट प्राप्त रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापनका खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिवी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ । | साझेदारी वनबाट साझेदारी वन उपभोक्ता समूहलाई प्राप्त हुने वनपैदावार बिक्रीवितरणबाट प्राप्त रकम मध्ये कम्तीमा तीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापनका खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिवी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ । | बन संरक्षणलाई प्राथमिकता दिनु पर्ने भएकाले |
| १० | २७(१) | नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले प्रदेश भित्रको राष्ट्रिय वनको देहायको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रको चारकिल्ला खुलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन मार्फत वन संरक्षण क्षेत्र घोषणा गर्न सक्नेछः | प्रदेश सरकारले प्रदेश भित्रको राष्ट्रिय वनको देहायको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रको चारकिल्ला खुलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन मार्फत वन संरक्षण क्षेत्र घोषणा गर्न सक्नेछः | राष्ट्रिय बन प्रदेश सरकारको मातहत भएकोले |

| | | | | |
|---|---|---|---|---|
| ११ | ३१(१) | उपभोक्ता समूहले उपयुक्त वन सम्बर्द्धन प्रणाली बमोजिम कार्ययोजना तयार गरी वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न समूहभित्र स्वतन्त्र रुपले तथा समूह बाहिर प्रतिस्पर्धात्मक रुपमा वनपैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको<br><br>कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई हस्तान्तरण गर्न सक्नेछ । त्यसरी सामुदायिक वन हस्तान्तरण गर्दा डिभिजनल वन अधिकृतले सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ । | उपभोक्ता समूहले उपभोक्ताको माग बमोजिम उपयुक्त वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना तयार गरी वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न समूहभित्र स्वतन्त्र रुपले तथा समूह बाहिर प्रतिस्पर्धात्मक रुपमा वनपैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई हस्तान्तरण गर्न सक्नेछ । त्यसरी सामुदायिक वन हस्तान्तरण गर्दा डिभिजनल वन अधिकृतले सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ । | सामुदायीक बनमा उपभोक्ताको माग महत्वपूर्ण रहेकोले |
| १२ | ४१(१) | प्रदेश सरकारले नेपाल सरकारको सहमतिमा संघीय वन ऐनमा व्यवस्था भए बमोजिम देहायका उद्देश्यहरुका लागि राष्ट्रिय वनको हैसियत बिग्रेको कुनै भाग तोकिए बमोजिम सम्झौता गरी प्रचलित कानून बमोजिम स्थापित कुनै उद्योग, समुदाय तथा सङ्गठित संस्थालाई प्रतिस्पर्धाको आधारमा उपलब्ध गराउन सक्नेछ | संविधानको अनुसूची-६ बुदा १९ बमोजिम प्रदेश सरकारले देहायका उद्देश्यहरुका लागि राष्ट्रिय वनको हैसियत बिग्रेको कुनै भाग तोकिए बमोजिम सम्झौता गरी प्रचलित कानून बमोजिम स्थापित कुनै उद्योग, समुदाय तथा सङ्गठित संस्थालाई प्रतिस्पर्धाको आधारमा उपलब्ध गराउन सक्नेछ | संविधान अनुसूची-६ बुदा १९ बमोजिम |
| १३ | ४२(३) | उपदफा (२) बमोजिम निवेदन पर्न आएमा निर्देशकले तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी कवुलियती वन प्रदान गर्न उपयुक्त देखिएमा सिफारिस सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ र मन्त्रालयले आवश्यक देखेमा सिफारिस साथ स्वीकृतिको लागि संघीय वन मन्त्रालय समक्ष पेश गर्नेछ। | उपदफा (२) बमोजिम निवेदन पर्न आएमा निर्देशकले तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी कवुलियती वन प्रदान गर्न उपयुक्त देखिएमा सिफारिस सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ र मन्त्रालयले स्विकृत गर्नेछ। | राष्ट्रिय वन प्रदेश सरकारको मातहत भएकोले |
| १४ | ४५ | कवुलियती वन फिर्ता लिन सक्ने सम्बन्धी व्यवस्था संघीय वन ऐन बमोजिम हुनेछ । | कवुलियती वन फिर्ता लिन सक्ने सम्बन्धी व्यवस्था यो ऐन बमोजिम हुनेछ । | राष्ट्रिय वन प्रदेश सरकारको मातहत भएकोले |

| | | | | |
|---|---|---|---|---|
| १५ | ६३(२) | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सडक, बाटो, नहर, कुलो,चौतारा, मन्दिर, कार्यालय परिसर वा यस्तै अन्य सार्वजनिक स्थानमा रहेका रुखहरु हटाउने, बिक्री वितरण गर्ने र स्वामित्व कायम गर्ने विषय प्रचलित कानून बमोजिम मन्त्रालयले निर्धारण गर्नेछ । | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सडक, बाटो, नहर, कुलो,चौतारा, मन्दिर, कार्यालय परिसर वा यस्तै अन्य सार्वजनिक स्थानमा रहेका रुखहरु हटाउने, बिक्री वितरण गर्ने र स्वामित्व कायम गर्ने विषय मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिम डिभिजन वन कार्यालयले एक तह माथिबाट स्विकृती लिई विक्रि वितरण गर्ने अनुमति प्रदान गर्नेछ। | राष्ट्रिय बन प्रदेश सरकारको मातहत भएकोले |
| १६ | ६३(३) | | प्रदेश गौरवका आयोजनाहरु सञ्चालन गर्दा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोके बमोजिम सो क्षेत्रभित्र परेका र सार्वजिनक स्थलका रुखहरु हटाउने निर्णय प्रदेश सरकारले गर्न सक्नेछ । | सार्वजनिक विकास निर्माण कार्य गर्नु पर्ने भएकोले |
| १७ | ६५(२) | उपदफा (१) बमोजिमको कार्य गर्दा पक्रिएको कुनै वन्यजन्तु तत्काल नजिकको वन कार्यालयमा बुझाउनु पर्नेछ । प्राप्त हुन आएको वन्यजन्तुलाई डिभिजन वन कार्यालयले नजिकको वन क्षेत्र वा चिडियाखाना वा प्राणी उद्यान वा वन्यजन्तु उद्धारकेन्द्रमा व्यवस्थापन गर्नेछ । | उपदफा (१) बमोजिमको कार्य गर्दा पक्रिएको कुनै वन्यजन्तुको सूचना नजिकको वन कार्यालयमा जानकारी दिनुपर्नेछ । | उक्त कुरा सरकारको जिम्मेवारी भएकोले |
| १८ | ७४(१) | कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग सञ्चालन गर्नु पूर्व सम्बन्धित डिभिजन वन कार्यालयमा व्यवसायिक सम्भाव्यता तथा उत्पादन गर्ने वस्तु र सेवाको व्यवसायिक योजना पेश गर्नु पर्नेछ ।<br>तर औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम लघु र घरेलु उद्यमको रुपमा रहेका उद्यमहरुको हकमा यो प्रावधान लागू हुने छैन । | कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग सञ्चालन गर्नु पूर्व सम्बन्धित डिभिजन वन कार्यालयमा व्यवसायिक सम्भाव्यता तथा उत्पादन गर्ने वस्तु र सेवाको व्यवसायिक योजना पेश गर्नु पर्नेछ ।<br>तर औद्योगिक व्यवसाय सम्बन्धी प्रदेश कानून बमोजिम लघु र घरेलु उद्यमको रुपमा रहेका उद्यमहरुको हकमा यो प्रावधान लागू हुने छैन । | प्रदेश कानून बमोजिम हुने भएकाले |
| १९ | ७४(२) | दफा (१) बमोजिमको उद्योग स्थापना गर्दा उद्योगको प्रकार र वन क्षेत्रदेखिको दूरी प्रचलित कानून बमोजिम हुनेछ । | दफा (१) बमोजिमको उद्योग स्थापना गर्दा उद्योगको प्रकार र वन क्षेत्रदेखिको दूरी सामुदायिक उद्योगको हकमा दुरी लागू नहुने र त्यसबाहेकका | उद्योगहरु सहज रुपमा उद्योग संचालन |

| | | | | |
|---|---|---|---|---|
| | | | अन्यको हकमा पहाडमा दुई सय र तराईमा तीन सय मीटरको हुनेछ । | गर्नका लागि |
| २० | ७५(२) | उपदफा (१) बमोजिम विधुतीय बोलपत्र (ई-बिडिङ्ग) विधि अवलम्बन गर्नु पर्नेछ । | उपदफा (१) बमोजिम साठी लाख रुपैया भन्दा बढी रकमको वन पैदावरको लिलाम बिक्रि गर्दा विधुतीय बोलपत्र (ई-बिडिङ्ग) विधि अवलम्बन गर्नु पर्नेछ । | खरीद ऐन अनुसार |
| २१ | ७५(३) | उपदफा (१) बमोजिम वन पैदावारको लिलाम बिक्री गर्दा अधिकृतस्तर सातौं/आठौ तहको डिभिजनल वन अधिकृतले पच्चीस लाख रुपैयाँ सम्मको बोलपत्रको स्वीकृति गर्नेछ । पच्चीस लाखदेखि पचास लाख रुपैयाँसम्मको बोलपत्रको स्वीकृति अधिकृतस्तर नवौं/दशौं तहको डिभिजनल वन अधिकृतले गर्नेछ र पचास लाख रुपैयाँ भन्दा माथिको बोलपत्रको स्वीकृति अधिकृतस्तर एधारौं/बाह्रौं तहले गर्नेछ। | उपदफा (१) बमोजिम वन पैदावारको लिलाम बिक्री गर्दा कार्यालय प्रमुखले पच्चीस लाख रुपैयाँ सम्मको बोलपत्रको स्वीकृति गर्नेछ । सो भन्दा माथिको बोलपत्रको स्वीकृति वन निर्देशकले गर्न सक्नेछ । | एक तह माथिको अनुमति लिनु पर्ने भएकाले |
| २२ | ७६(१) | बाढी, पहिरो, हावाहुरी, आगलागी, रोग व्याधि तथा कीटपतङ्ग जस्ता कारणले ढलेका रुखहरु स्वीकृत कार्ययोजनामा तोकिएको वार्षिक परिमाण भन्दा वढी हुन गएमा मन्त्रालयले निर्धारण गरेको व्यवस्थाको अधिनमा रही डिभिजन वन कार्यालयले संकलन, ओसारपसार तथा बिक्री वितरण गर्न सक्नेछ । | बाढी, पहिरो, हावाहुरी, आगलागी, रोग व्याधि तथा कीटपतङ्ग जस्ता कारणले ढलेका तथा सुख्खाखडा रुखहरु स्वीकृत कार्ययोजनामा तोकिएको वार्षिक परिमाण भन्दा वढी हुन गएमा मन्त्रालयले निर्धारण गरेको व्यवस्थाको अधीनमा रही निर्देशनालयको स्विकृती लिई डिभिजन वन कार्यालयले सङ्कलन, ओसारपसार तथा बिक्री वितरण गर्न सक्नेछ । | दिगो वन व्यवस्थापनका लागि |
| २३ | ७६(२) | डिभिजन वन कार्यालयले आफ्नो क्षेत्राधिकारमा पर्ने सामुदायिक वन, साझेदारी वन र प्रदेश सरकारद्वारा व्यवस्थित वनमा रहेका सुखखड खडा रुखहरु स्वीकृत कार्ययोजनामा तोकिएको परिमाण भन्दा वढी हुन गएमा प्रचलित कानूनको अधिनमा रहि एक वर्ष भित्र तोकिए बमोजिम सङ्कलन, ओसारपसार तथा बिक्री वितरण गर्न सक्नेछ । | डिभिजन वन कार्यालयले आफ्नो क्षेत्राधिकारमा पर्ने सामुदायिक वन, साझेदारी वन र प्रदेश सरकारद्वारा व्यवस्थित वनमा रहेका सुखखड खडा रुखहरु स्वीकृत कार्ययोजनामा तोकिएको परिमाण भन्दा वढी हुन गएमा यो ऐन जारी भएको तीन बर्ष भित्र एकपटकका लागि मन्त्रालयले निर्धारण गरेको व्यवस्थाको अधीनमा रही डिभिजन वन कार्यालयले वन निर्देशनालयको स्विकृती लिई सङ्कलन, ओसारपसार | लामो समय बन पैदावार संकलन हुन नसकेका कारणले |

| | | | | |
|---|---|---|---|---|
| | | | तथा बिक्री वितरण गर्न सक्नेछ । | |
| २४ | ७७(१) | डिभिजन वन कार्यालय र वन उपभोक्ता समूहले काठ दाउरा संकलन पश्चात बिक्री गर्नु अगाडि सवै गुणस्तरको समानुपातिक परिमाण मिलाएर कम्तीमा पच्चीस प्रतिशत काठ दाउरा विपद् व्यवस्थापन, घरकाज, कृषि औजार, धार्मिक तथा साँस्कृतिक कार्य, शव दहन र अत्यावश्यक स्थानीय विकास निर्माण कार्यमा समूह वाहिरका व्यक्ति, संघ संस्थाको प्रयोगका लागि छुट्याउनु पर्नेछ। | डिभिजन वन कार्यालय र वन उपभोक्ता समूहले काठ दाउरा संकलन पश्चात बिक्री गर्नु अगाडि सवै गुणस्तरको समानुपातिक परिमाण मिलाएर कम्तीमा तीस प्रतिशत काठ दाउरा विपद् व्यवस्थापन, घरकाज, कृषि औजार, धार्मिक तथा साँस्कृतिक कार्य, शव दहन र अत्यावश्यक स्थानीय विकास निर्माण कार्यमा समूह वाहिरका व्यक्ति, संघ संस्थाको प्रयोगका लागि छुट्याउनु पर्नेछ। | स्थानीयलाई प्राथमिकता दिनु पर्ने भएकाले |
| २५ | ७८(१(घ)) | प्रदेश मन्त्रालयबाट मनोनित सम्बन्धित डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रका एक जना महिला सहित दुई जना- सदस्य | प्रदेश मन्त्रालयबाट मनोनित सम्बन्धित डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रका एक जना महिला सहित तीन जना- सदस्य | महिला सहभागिता हुनु पर्ने भएकोले |
| २६ | ७८(१(ङ)) | जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य | जिल्ला समन्वय समितिले तोकेको जनप्रतिनिधि एकजना - सदस्य | जनप्रतिनिधीको सहभागिता हुनुपर्ने भएकोले |
| २७ | ७८(३) | उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ। | उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ र एकजना महिला समेत सदस्य | दुई बर्षको समय न्यून रहेकोले |
| २८ | ९३ | **असल नियतले गरेको कामको बचाउ**: यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन । | हटाईएको | यो आवश्यक नरहेकाले |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप हुनुपर्ने विषयहरु “सुदूरपश्चिम प्रदेशको राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ” मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाइ सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुर्‍याउनु हुने माननीय मन्त्रीज्यू ,निर्देशकज्यू ,सचिवज्यू ,

सचिवालयका कर्मचारी सहित सम्पूर्ण अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

**प्रस्तुतकर्ता**
माननीय हर्क बहादुर कुँवर
सभापति
अर्थ विकास तथा प्राकृतिक स्रोत समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

२०७४ सालमा सम्पन्न प्रदेश सभा निर्वाचनमा अछाम जिल्ला निर्वाचन क्षेत्र नं. १(२) बाट निर्वाचित हुनु भएका प्रदेश सभा सदस्य माननीय झपट बहादुर बोहराले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को तर्फबाट प्रदेश सभा र राजनीतिक दलको प्रतिनिधित्व गर्नुपर्नेमा अन्य दलको राजनीतिक गतिविधिमा संलग्न भई दलको विधान तथा राजनीतिक दल सम्बन्धी ऐनले तोकेको दायित्व जानीजानी उल्लंघन गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३१ र दफा ३२ को उपदफा (१) को खण्ड (ख) बमोजिम दल त्याग गरेको सम्बन्धमा स्पष्टिकरण माग गरिएकोमा समयभित्र स्पष्टिकरण नदिएकोले निजले दल त्याग गरेको निर्णय गरी निजलाई पार्टीको साधारण सदस्यता समेत नरहने गरी निस्कासन गर्ने नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को मिति २०७७/१२/३१ को निर्णय तथा सुदूरपश्चिम प्रदेश सभा संसदीय दलको मिति २०७८/०१/०१ को निर्णयबाट समेत पार्टी केन्द्रीय समितिको मिति २०७७/१२/३१ को निर्णय बमोजिम निज झपट बहादुर बोहराले दल त्याग गरेको सूचना सुदूरपश्चिम प्रदेश सभा सचिवालयलाई दिने भनी गरेको निर्णय समेतका कागजातहरु मिति २०७८/०१/०२ मा सचिवालयमा दर्ता हुन आएको हुँदा नेपालको संविधानको धारा १८० को (ङ) बमोजिम प्रदेश सभा सदस्यको स्थान रिक्त हुने व्यवस्था भएकाले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३५ को उपदफा (१) तथा सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १९३ बमोजिम सभालाई जानकारी गराउदछु ।

**माननीय सदस्यहरु,**

अर्को बैठक मिति २०७८ साल वैशाख ७ गते मंगलबार बिहान ८:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।